# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मनाङ डिस्याङ गाउँपालिका

## मनाङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मनाङ डिस्याङ गाउँपालिका

## मनाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मनाङ ङिस्याङ गाउँपालिका

## मनाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१,जेठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

गण्डकी, प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

मनाङ डिस्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

हुम्डे, मनाङ ।

१. **कैफियत सहितको राय —** हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ७२ लाख २१ हजार बेरुजू देखिएको छ । सो मध्येमा असुल गर्नुपर्ने रू ३० लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५१ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु. ४० लाख ६८ हजार र पेश्की बाँकी रु. ५० लाख रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु. ४ करोड ६५ लाख ५९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु. ३६ लाख २६ हजार संपरीक्षण भई संपरीक्षणवाट रु ५ लाख १८ हजार थप समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ६ लाख ७२ हजार रहेको

छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

जयराम घिमिरे
**नायब महालेखापरीक्षक**

मनाङ डिस्याङ गाउँपालिका,

मनाङ जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

**बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३१ | २५ | १७२२१ | ० | ० | ० | ३१ | २५ | १७२२१ | ३०२० | ४०६८ | ५१३३ | ० | ० | ९२०१ | ५००० |

(रु. हजारमा)

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मनाङ डिस्याङ गाउँपालिका | ४६५५९ | ० | ३६२६ | ४२९३३ | ५१८ | १७२२१ | ६०६७२ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **चालु वर्षको जम्मा** | | प्रतिकृया प्राप्त भएन | ० |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७७।७८** | २७ | पारिश्रमिक कर कट्टी | २११०४७।८० |
| | | २८.२ | विल भर्पाइ बेगर भुक्तानी | ५०६०७ |
| | | ३१.१ | कर दाखिला | १४३५० |
| | | ३४ | बैक जमानत बेगर पेश्की दिएको | ११२५९९५।६६ |
| | | ३९ | पदाधिकारी खाजा खर्च | १०६१४० |
| | | ४२ | रकम फ्रिज | २११८६१५ |
| | **गत विगतको जम्मा** | | | ३६२६७५५।४६ |
| | **कुल जम्मा** | | | **३६२६७५५।४६** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **परिचय**

(क)**कार्यालय परिचय -** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२४ देखि २०८०।०६।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** जम्मा रु.२७ करोड ८४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आवधिक योजना-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३ **सञ्चितकोषको अवस्था-** पालिकाको २०७९।८० को स्थानीय सञ्चित कोषको अवस्था निम्नानुसार छन्

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय विश्लेषण -** पालिकाको यस वर्षको आन्तरिक आम्दानी रु ३७,६४,७४२ समेत कुल आम्दानी रु २२५९८३३०९ भएकोमा चालु तर्फ रु.१६,५८,५४,२८३ र पूँजिगत तर्फ रु. ९,५८,३१,६९० समेत जम्मा रु २७,८४,२८,९८५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.०१३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९०,४७,७९४ खर्च भएको छ जुन आन्तरिक आयको २३९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

५ **हिसाव मिलान-** महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९।८० वमोजिम गत वर्षको जिम्मवेवारी सारेको रु ५९४५०९७५।३१ रहेकोमा पालिकाले वास्तविक जिम्मेवारी रु ५८६९७५६३।७१ रहेको उल्लेख गरेको छ भने आगामी वर्षमा सोही अनुसार मिलान गरिदिनुहुन अनुरोध गरी हिसाव मिलान विवरण पेश गरेको छ ।

६ **कर दायित्व-** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ४४,९५५।०० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु–

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,९५५ |

७ **आन्तरिक नियन्त्रण प्रणाली –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणालीका लागि खर्च मापदण्ड तयार गरि लागु गरेको पाईयो । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

• स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक बर्ष आषाढ भित्र बजेट पारित गर्नुपर्नेमा यस पालिकाले २०७९ असार १० मा नै बजेट पेश गरेको छ ।

• गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नुपर्ने ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै आय कम्प्युटर प्रणाली मार्फत गर्ने कार्यलाई अगाडि बढाउनुपर्ने देखिएको।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्नुपर्ने देखियो ।

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने ।

• गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गर्नुपर्ने ।

• वडा तथा शाखाहरूवाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडा तथा शाखागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेकोमा यसलाई सुधार गर्नुपर्ने देखिएको ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन

समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएकोले उक्त समिति गठन गर्नुपर्ने ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा गाउँपालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राख्नुपर्ने देखिएको ।

• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले यसलाई नियमीत बनाउनुपर्ने देखिएको।

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गरेको अभिलेख राख्नुपर्ने ।

• तसर्थ यसलाई आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **क्षेत्रगत वजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । रु हजारम

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रति शत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६४३०० | २९५७० | १३ |
| २ | पूर्वाधार विकास | ८७२५० | ५०५११ | २२ |
| ३ | सामाजिक विकास | ९७०८९ | ८२०८४ | ३६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३४४८० | १५९८० | ०.०६९ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ६२१९७ | ५१२४८ | ०.२२ |
| जम्मा | | ३४५३१६ | २२९३९५ | १०० |

माथि उल्लेखित तथ्यांकवाट सवैभन्दा कम खर्च सेवा प्रवाह शुसासन र आर्थिक विकासमा गरेको छ भने पुर्वाधार विकासमा पनि २२ प्रतिशत मात्र भएको छ । क्षेत्रगत विषयलाई समेटी पालिकाले खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा

परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **वजेट सीमा निर्धारण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ **त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च(रु हजार) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | ९०४६९ | २०५२७ | ३१२८३ | ९७८७ | ५०५१३ | २६८१३ |
| प्रतिशत | | २२.६८ | ३४.५८ | १०.८१ | ५६ | २९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११६६५४ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२०५२७ (२२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३१२८३ (३५ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु९७८७ (११प्रतिशत) चौथो त्रैमासिकमा ५६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२६८१३.(२९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **कानून तर्जुमा तथा कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म

३ वटा ऐन, १ वटा नियमावली, ९ कार्यविधि निर्देशिका २ मापदण्ड २ लगायत १७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३ **दरबन्दी र पदपुर्ती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत, शिक्षा अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४ **योजना बेगरको खरिद** - सार्वजनिक खरिद ऐन,२०६३ को परिच्छेद २ को दफा ५ मा १ लाख रुपैया भन्दा बढिको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।साथै सार्वजनिक खरिद ऐन को सोहि परिच्छेदको दफा ६ मा वार्षिक १० लाख भन्दा बढिको सामान खरिदमा खरिद योजना निर्माण गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले कार्यालय सामाग्रि (मसलन्द तथा कार्यालय सामाग्रि) खरिद बापत रिदम इन्टरनेशनल बानेश्वर लाइ रु. १४,४६,८०० भुक्तानी गरिएको छ ।ऐनको व्यवस्था विपरित पालिकाले १० लाख भन्दा माथिको सामान सोझै गरिद गरेको छ । ऐनमा भएको व्यवस्था बमोजिम कार्य गरि यस्तो खर्च गर्ने प्रवृति सुधार गर्नुपर्ने हुन्छ ।

१५ **तलवी प्रतिवेदन वेगर तलब भुक्तानी** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २० कर्मचारीको रु.१,१२,६५,८५५.४० शिक्षातर्फ ३५ शिक्षकहरुको रु २,६३,०२,२२६.१२ र पालिकाका २२ कर्मचारीको रु १,४८,१५,५०६.३० समेत रु. ५,२३,८३,५८७.८२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा यस वर्ष र अघिल्लो वर्षको समेत कुनै मुद्धा मामिला भएको देखिएन भने न्याय समितिको वैठक समेत वसेको देखिएन । न्यायिक समितिलाई सक्रिय वनाउनुपर्ने देखिन्छ ।

१७ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण

गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१८ **पेश्की फस्यौट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा चालु आर्थिक वर्षको मसान्तसम्म पेश्की फस्यौंट गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले चालु आर्थिक वर्षको मसान्तसम्म म्याद ननाघेको रु. ७०८४०००।०० पेश्की फस्यौंट गर्न बाँकी देखिएको छ । नियममा व्यवस्था भए बमोजिम कार्यालयले पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

| क सं | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|
| | | | म्याादननाघेको | म्याद नाघेको | जम्मा |
| १ | १९६ | विजय घले | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| २ | ११३ | ग्याल्सुम्दोकन्सट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रा.लि. | १०,००,०००.०० | ०.०० | १०,००,०००.०० |
| ३ | १३४ | ग्याल्सुम्दोकन्सट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रा.लि. | ६,५०,०००.०० | ०.०० | ६,५०,०००.०० |
| ४ | ५ | जलजला-शिवशक्ती-अधिकारी जे.भी. | २६,१७,०००.०० | ०.०० | २६,१७,०००.०० |
| ५ | २७ | जलजला-शिवशक्ती-अधिकारी जे.भी. | २६,१७,०००.०० | ०.०० | २६,१७,०००.०० |
| जम्मा | | | ७०८४००० | | ७०८४००० |

१९ पेश्की फ्रिज- प्रस्तुत ठेक्काको म्याद थप नभएको अवस्थामा एड्भान्स पेमेण्ट ग्यारेन्टीको समेत म्याद थप नभएको हुंदा काम सुरु नै नगर्ने प्रस्तुत निर्माण व्यवसायीलाई गएको मोविलाईजेशन पेश्की फछ्र्यौट गर्न रु ५०,००,०००।०० बाँकी नै रहेको छ । ति पेश्कीको वैंक जमानतको म्याद समाप्त भैसकेको छ । जमानतको म्याद समाप्त भएको रकम सम्बन्धमा आवश्यक कारबाही गरी १० प्रतिशत व्याज सहित असुल हुनुपर्ने देखिएको रु ५०,००,०००।००

| | |
|---|---|
| पेश्की | ५०,००,००० |

२० **सुत्रवाहेकको खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियमावली ३० वमोजिम आर्थिक वर्ष समाप्त हुनुअघि भुक्तानी निकासा वन्द गर्नुपर्ने प्रावधान छ । यस यस पालिकाले म.ले.निकाको सिस्टम वन्द भैसकेपछी मेनुअल गो. भौ.नं सृजना गरी वित्तीय समानीकरणवाट निम्नानुसारका योजनाहरुलाई सुत्रवाहेको खर्चवाट भुक्तानी दिएको छ । यसरी प्रणालीवाहिर गएर भएको भुक्तानी नियमसम्मत भएको पाईएन तसर्थःयस्तो खर्चमा नियन्त्रण गर्न खर्च नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ४०,६७,६२३ |

२१ **अधुरा आयोजना-** गंगापुर्ण ताल संरक्षण कार्यका लागि रु ४,०७,११,३८५।६६ को लागत अनुमान तयार गरि रु २,९५,७४,४८५।५७ मा कार्य सम्पन्नम गर्ने गरी निर्माण व्यवसायी जलजला शिवशक्ति/अधिकारी जे.भी. सँग मिति २०७८ असोज २४ मा मिति २०७९ पौष ५ सम्ममा सम्पन्न गर्ने गरी भएको छ । सम्झौता बमोजिमको वर्क सेडुवल अनुसार कार्य भएको देखिएन । हालसम्मको कार्यप्रगति हेर्दा गो.भौ.नं ७९।२०७९।०८।२२ वाट रु. २१,५४,६८४।०० भुक्तानी भएको जुन ७।२९ प्रतिशत हुन आँउछ। लेखापरीक्षणका वखत यस योजनाको २०८०।०५।२७ मा स्थलगत अनुगमन गर्दा हालसम्म कुनै कार्य वांकी रहेको देखिन्छ । यस योजनाको काम २०७९ पौषसम्म सम्पन्न भईसक्नु पर्नेमा भौतिक प्रगति जम्मा ७ प्रतिशत मात्र देखिएको छ, यस सम्वन्धमा पालिकाले निर्माण व्यवसायीलाई कार्य ढिलाईको विवरण पेश गर्न ताकेता गरेको म्याद थपको निर्णय , पेश्की तथा वैक ग्यारेनणटीको म्याद समेत थप गरेको देखिएन ।अवलोकन गर्दा यस योजनामा निर्माण व्यवसायी तथा निजका कामदार र प्राबिधिकहरु कसैको पनि उपस्थिति देखिएन । तसर्थ निर्माण व्यवसायीलाई यथाशिघ्र निर्माण कार्य गराउने वा प्रचलित कानुन बमोजिम कारबाहिको निर्णय हुनु पर्ने देखिन्छ ।

क)पालिकाले यस आयोजनाको हालसम्म म्याद थप गरेको छैनः सार्वजनिक खरिद ऐन २०६३ को दफा १२१ वमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो समयमा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा जति ढिलो हुन्छ कवोल अंकको प्रतिदिन ०.०५ प्रतिशत प्रतिदिन पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । तर सम्झौताको म्याद भित्र पनि कार्य नसकेको ठेक्काको म्याद थप नभएको र कार्य प्रगति ७ प्रतिशत मात्र भएको अवस्थामा परीक्षण अवधिसम्म ८ महिना ढिला भईसकेको कारणले प्रतिदिन ठेक्का अंकको ०.०५ प्रतिदिनको दरले वा १० प्रतिशत नघट्ने गरी रु. २९,५७,४४८।०० सम्वन्धितवाट क्षतिपूर्ति स्वरुप जरिवाना असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,५७,४४८ |

२२ **श्रम अनुपात-** सडक विभागको नम्स २०७३ मा उल्लेख भए वमोजिम लेवर, मेटेरियल,ईक्युपमेण्टको स्टान्डर्ड नम्स तोकेको छ । लेवर ईण्टेन्सिभ कार्य हुने योजना १ घ.मी कार्यका लागि(pcc कार्यका लागि दक्ष कामदारको ३ अदक्षको ३० man days लाग्ने रुवल मेशनरी वर्कमा ४.५ लाग्ने व्यवस्था छ । यसपालिकावाट सञ्चालित निम्नलिखित योजनामा कार्यालयले नापी कितावमा उल्लेख भएको नापी सिट भन्दा वढि परिमाणमा भुक्तानी नभएको भएतापनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम वमोजिम अन्तिम विल भुक्तानी वा कार्यसम्पन्न साथ पेश भएको विल भर्पाई परीक्षण गर्दा लेवर ईण्टेन्सिभ कार्यको डोर हाजिरी पेश हुंदा नम्समा लाग्ने श्रम अनुपात र विलमा भएको डोरको अनुपात अत्याधिक फरक रहेको देखिन्छ ।

कार्यालयले भुक्तानी दिंदा सहायक प्रमाणको रुपमा डोर हाजिर र अन्य प्रमाणहरु पनि ग्राह्य हुने हुंदा यसलाई पनि विश्लेषण गरिनुपर्ने हुन्छ । नम्सले तोकेभन्दा वढी वा घटी अनुपातमा सहायक तथ्य प्रमाणको भार नपुर्याउदा ईस्टिमेटमा उल्लेख भएवमोजिम नापि प्रमाणित गरेतापनि नम्सको पालना नहुदा गुणस्तरमा असर पर्ने देखिएकोले यसतर्फ समेत कार्यालयले विशेष ध्यान दिनुपर्ने हुन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा २२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२३ **उपभोक्ताको कार्यमा विमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट वीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गराउंदा सम्झौता रकममा वीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमवाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले वीमा गराउनुपर्नेछ भनी उल्लेख छ । तर यस वर्ष कार्यालयले निम्न लिखित योजना कार्यान्वयन गर्दा अनिवार्य विमा सम्वन्धी प्रावधान नराखी सम्झौता गरेको छ । नियमावलीमा भएको व्यवस्थालाई अनिवार्य रुपमा पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो भौ नं र मिति | योजनाको विवरण | सम्झौता रकम |
|---|---|---|
| १९४।२०८०।०३।२४ | तलेखुदेखि खांङसार पर्यटकीय पदमार्ग | ५२९१६३८ |
| ७२।२०७९।०८।१३ | लोकाङखोलामा तटवन्धन | २४९६००० |
| ७९।२०८०।०८।२० | अपर पिसाङमा पार्किङ निर्माण | २६५४५०१ |
| ९०।२०७९।०८।१४ | पिसाङपानी घट्ट र कूलो | २६८६३७६ |
| ७७।२०७९।८।१८ | वोझो गुम्वा जाने वाटो ढलान | ३१७८९१४ |
| १७४।२०८०।०३।१९ | टंकी गुम्वामा किचन र डाईनिङ | २६४०१७८ |
| २०५।२०८०।०३।२४ | पिसाङ वाढी संरक्षण | ३१९२९१७ |
| २०७९।०५।०८ | थोराङ पर्यटकीय वाटो | ३२२७६१८ |
| ५।२०८०।०३।३२ | खाङसारदेखि तिलिचोसम्म पदमार्ग | ५३०७६३४ |
| २०८०।०३।२२ | स्वास्थ्य केन्द्र भवन निर्माण | २११६४३५ |
| जम्मा | | ३५९७११२५ |

२४ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ को दफा ५ मा १ लाख रुपैया भन्दा बढिको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । वार्षिक खरिद योजना वेगर मसलन्द ल्यापटप लगायत विषयगत कार्यक्रममा समेत सिधै खरिद गरी रु १७ लाख ३४ हजार खर्च भएको छ। नियमावलीको व्यवस्था विपरीत प्रतिस्पर्धा सीमित हुनेगरी खरिद गर्ने कार्य नियमसम्मत देखिदैन। तसर्थ वार्षिक खरिद योजना वनाई सिधै खरिद गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५ **योजनाको प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम हजार |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ५ | १००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २४ | २७८४२ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १० | ३०१३२ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मा योजना | ० | ० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | २ | २०९०२ |
| | जम्मा | ४१ | ७९८७८ |

२६ **लघु उद्यम-** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। हिमालयन ब्रदर्श ग्रुप प्रा ली बेशिसहरको नाममा ६ थान ३" पाइप (स्टेन्ट) गलैचा बुन्ने तान बापतको भुक्तानिमा निर्देशिका अनुसार गाउँपालिकाबाट ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शतप्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम सम्वन्धित लघु उद्यमीबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००० |

२७ **प्रधानमन्त्री रोगजार-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ९७ जनालाई औसत ४ दिनले ३८० दिन रोजगारी

उपलव्ध गराई रु २५ लाख ५ हजार ९ सय ७५ श्रमिक ज्याला खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२८ **अनुदानको अनुगमन-** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि अनुदानमा रु. ६०,८३,४६०।०० तथा विभिन्न संस्थालाई पशु तर्फ रु ३०,७८,५७५।०० गरी जम्मा रु. ९१,६२,०३५।अनुदान खर्च लेखेको छ । कृर्षि तर्फ प्राङगरिक मल वितरण, प्लाष्टीक घर निर्माण, थोपा सिंचाई, हाई डेन्सिटी स्याउ,कृषि यन्त्रीकरण, मागका आधारमा विउ विजन लगायत र पशु तर्फ वाख्रा,घुम्ती शिविर, औषधी खरिद, उपकरण, चौरीको गोठ सुधार, लुलु गाई जस्ता कार्यक्रममा खर्च गरेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२९ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले राष्ट्रिय बाणिज्य बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।यस वर्ष पालिकाले रु २ करोड ६४ लाख ८७ हजार ४ सय ४४ सामाजिक सुरक्षा वितरण गरि १ हजार ५ सय ५६ संघीय संञ्चित कोषामा फिर्ता गरेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३० **वक्यौता व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम कति हो यकिन गरी वक्यौता व्यवस्थापन गर्नुपर्दछ ।

३१ **असुली गर्न वाँकी राजस्व -** ~~ ........... ***(यो विवरण दफा ३० मा नै आएको दोहोरो हुन गएकाले हटाइएको ।)***

३२ **दहत्तर वहत्तर-** मनाङ जिल्लाको मनाङ निस्याङ गाँउपालिका स्थित वडा नं ९ थोराङखोला, मस्याङ्दीखोला, सव्जखोला क्षेत्रवाट ढुंगा, गिटी तथा वालुवा संकलनका लागि गरिएको प्रारम्भिक प्रतिवेदन(IEE) प्रतिवेदन अनुसार नगरपालिका क्षेत्रभित्र रहेका क्षेत्र मध्ये थोराङखोला,मस्याङ्दीखोलावाट (४६८०० घ.मी )अर्थात १६,४६,४२४ क्यू फिट भ्याट सहित ७ को दरले रु. १,१५,२४,९६८।०० तथा सव्जेखोलावाट ९८०० घ.मी अर्थात

३४४७६४ क्यु फिट रु ७ को दरले रु २४,१३,३४८।०० गरी जम्मा रु १,३९,३८,३१६।०० राजस्व नोक्सान हुने देखिन्छ ।तर पालिकाले ठेक्का नलगाई अमानतवाट जम्मा रु १,८३,०००।०० मात्र संकलन भएको छ । आई.ई.ई रिपोर्ट २०७९ ले सिफारिस गरेवमोजिम ठेक्का व्यवस्थापन नहुंदा वा पालिकाको उपस्थिति नहुंदा ढुंगा गिटी वालुवाको चोरी निकासी पैठारी हुने र कसैको निगरानी नहुंदा करोडौ राजस्व नोक्सानी हुने भएकोले ती क्षेत्रवाट पालिकाले यथासिघ्र अमानत वा ठेक्का व्यवस्थापन गरी राजस्व असुल गर्नुपर्दछ ।

३३ **राजस्व बाँडफाँड-** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत |
|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | १८३००० | ७३२०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,२०० |

३४ **लक्ष्य तथा असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५ **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनैपनि कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छुन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छुन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३६ **बिविध खर्च** - क.सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ को बुदा नं १० मा पानी, बिजुली, इन्धन र विविध खर्च जस्ता प्रशासनिक खर्चमा मितव्ययीता अपनाउने र किफायती ढगंले प्रयोग गर्नुपर्ने व्यवस्था छ तर यस पालिकामा यस आर्थिक वर्षमा विविधमा रु २२ लाख ९०

हजार २ सय ९३ खर्च लेखेको देखिन्छ । यस्ता फजुल र उपलब्धि वेगरको खर्चलाई मितव्ययी बनाउनु पर्ने देखिन्छ ।

ख.इन्धनः सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ को बुदा नं १० मा पानी, बिजुली, इन्धन जस्ता प्रशासनिक खर्चमा मितव्ययीता अपनाउने र किफायती ढगंले प्रयोग गर्नुपर्ने व्यवस्था छ तर यस पालिकामा यस आर्थिक वर्षमा रु २० लाख ११ हजार १ सय १५ खर्च लेखेको देखिन्छ । पालिकाले मासिक रुपमा कर्मचारीलाई कति इन्धन दिने भन्ने कुनै कार्याविधि नरहेकोले पनि खर्च बढि भएको र कतिपय पदाधिकारीलाई तोकिएको सुविधा भन्दा बढि दिएको देखिन्छ त्यसैले पालिकाले पदाधिकारीलाई तोकेबमोजिमको इन्धन दिने र कर्मचारीलाई आवश्यक कार्याविधि बनाई खर्चलाई मितव्ययी बनाउनु पर्ने देखिन्छ ।

३७ **अनुगमन भ्रमण खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम सरकारी रकम खर्च गर्दा मितव्ययि तवरले खर्च गर्नुपर्दछ ।यस पालिकाले यस वर्ष अनुगमन भ्रमण शिर्षकमा विभिन्न जनप्रतिनिधी तथा कर्मचारी द्धारा रु २७ लाख ३८ हजार ४२ खर्च गरेको देखिन्छ । अनुत्पादक तथा फजुल खर्च गर्नाले पालिकाका आर्थिक सामाजिक एवं विकासजन्य क्रियाकलापमा नकारात्मक असर पर्ने देखिन्छ तसर्थ पालिकाले यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

| **गो भौ नं** | **मिति** | **संख्या** | **रकम** |
|---|---|---|---|
| ५४ | २०७९।०६।१३ | | ६२००० |
| ५६ | २०७९।६।१४ | | ५३८३० |
| ५६ | २०७९।६।१४ | | ५०५८२ |
| ५९ | २०७९।६।१४ | | १२४००० |
| ६० | २०७९।६।१४ | | ४८००० |
| ६८ | २०७९।७।२५ | | २०००० |
| ७८ | २०७९।८।८ | | ४९१२५ |
| ८२ | २०७९।८।१३ | | ४७६४५ |
| ८६ | २०७९।८।१३ | | ४१४०० |
| ८७ | २०७९।८।१८ | | ४४६५० |
| ९८ | २०७९।८।२० | | १४८१७ |
| १२५ | २०७९।९।३ | | १४४२५ |
| | २०७९।९।३ | | १२८५० |

| | | | |
|---|---|---|---|
| १३२ | २०७९।९।६ | | ५१००० |
| १४५ | २०७९।९।१८ | | २८८५० |
| ४२३ | २०८०।३।२४ | २ | ११४०० |
| ४२२ | २०८०।३।२४ | २ | ३४००० |
| ४२१ | २०८०।३।२४ | १ | २१००० |
| ४१० | २०८०।३।२४ | ४ | ६२००० |
| २९९ | २०८०।३।२३ | ४ | ४८८०० |
| ३९५ | २०८०।३।२२ | ३ | ६५००० |
| ३९१ | २०८०।३।२२ | १० | १५२५०० |
| ३७५ | २०८०।३।२० | ११ | २४४५०० |
| ३३५ | २०८०।३।१५ | २ | ११६३७० |
| ३१६ | २०८०।३।८ | १ | ५९८०० |
| २९२ | २०८०।२।२९ | ४ | १९२४२८ |
| २८३ | २०८०।२।२३ | ३ | १०५१०० |
| २६९ | २०८०।२।५ | ९ | ३०८३०० |
| २६० | २०८०।२।२९ | २ | ८१३९५ |
| २३० | २०८०।१।१९ | २ | ३२३८५ |
| २६० | २०८०।१।२९ | | १३३७४० |
| २३१ | २०८०।१।१२ | | ९४५०० |
| २२६ | २०८०।१।११ | | ८७२०० |
| २०३ | २०७९।१२।२१ | | २९८५० |
| १९५ | २०७९।११।१६ | | ३७८३० |
| १७९ | २०७९।१०।४ | | १२५३४५ |
| १६९ | २०७९।९।२९ | २ | ३१४२५ |

| | | |
|---|---|---|
| | जम्मा | २७३८०४२ |

३८ **सामान वितरणको भर्पाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुन विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।यस पालिकाको वालवालिका ज्येष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धि कार्यक्रममा विभिन्न सामान वितरणको कार्य सम्पन्न भएको भनि जनाइएको तर निम्न बमोजिमका सामानहरु वितरणको भर्पाइ नरहेको हुदा समान वितरणको भर्पाइ प्रमाण पेश हुनुपर्ने रु

| क्र सं | वितरण गरिएको सामान | परिमाण | रकम | आपुर्ति कर्ताको नाम |
|---|---|---|---|---|
| १ | झोला | ७२ | ६५०८८ | अन्नपुर्ण स्टोर्स |
| २ | ग्यास | ४० | ७४००० | सुमन ट्रेड सेन्टर |
| ३ | चुल्हो सेट | ४० | १२०००० | रत्न स्टोर्स |
| ४ | ग्यास डिपोजीट | ४० | १०४००० | मनकामना ट्रेडर्स |
| | कुल जम्मा | | ३६३०८८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६३,०८८ |

३९ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कानुनमा भएको व्यवस्था अनुसारको समयावधि वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले चालु गापा, पूजीगत, शशर्त शीर्षकवाट रु ४४ लाख ४६ हजार ४ सय ५० को औषधी ठेक्का व्यवस्थापन गरी हलेसी मेडिसिन सप्लायर्सवाट खरिद गरेको छ ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

४० **सक्कल बिल बेगरको भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी दिनु पर्ने उल्लेख छ ।पालिकाले निम्नलिखित सामान खरिद गर्दा सक्कल विल नराखी फोटोकपि विलका आधारमा भुक्तानी गरेको हुनाले सक्कल विल विजक प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,९७,०६९ |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: मनाङ डिस्याङ गाउँपालिका, मनाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्रीनारायण यादव | २०७८-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नविन क्षेत्री | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,०२०,४०३ | ४,०६७,६२३ | ५,१३३,३५७ | ० | ० | ५,०००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १७,२२१,३८३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १७,२२१,३८३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५८६९७५६३.७१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १४२०३७८६३.४ | चालु खर्च | १६५८५४२८३.५७ |
| प्रदेश सरकारबाट अनुदान | १४४३५५०० | पूँजीगत खर्च | ९५८३१६९०.७६ |
| राजश्व बाँडफाँट | ३७०२४५९०.६३ | वित्तीय/अन्य व्यवस्था | १६७४३०१०.९३ |
| आन्तरिक आय | ३७६४७४२.३४ | | |
| अन्य आय | २८७२०६१३.१८ | | |
| कुल आय | २२५९८३३०९.५५ | कुल खर्च | २७८४२८९८५.२६ |
| बाँकी मौज्दात | | ६२५१८८८.० | |

### बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -३

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | २४५६९८०००. | २००५७००३६.१३ | २००५७००३६.१३ | १९६६८०२४०.८१ | १९६६८०२४०.८१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | २४४३१३०००. | १९९७९०७५२.६१ | १९९७९०७५२.६१ | १९५७७५३२६.६२ | १९५७७५३२६.६२ |
| ११००० कर | ४६०७३०००. | ३७४१०१५०.१३ | ३७४१०१५०.१३ | ३६२००७९५.३१ | ३६२००७९५.३१ |
| १३००० अनुदान | १८७७९००००. | १५७८४५०१९.३४ | १५७८४५०१९.३४ | १५६२९३०००. | १५६२९३०००. |
| संघीय सरकार | १६९८१६०००. | १४२०३७८६३.८४ | १४२०३७८६३.८४ | १४६४६५०००. | १४६४६५०००. |
| प्रदेश सरकार | १५०७४०००. | १४४३५५००. | १४४३५५००. | ९८२८०००. | ९८२८०००. |

| | | | | | |
|---|---|---|---|---|---|
| जनसहभागिता | २९०००००. | १३७१६५५.५ | १३७१६५५.५ | ० | ० |
| १४००० अन्य राजस्व | १०२५००००. | ४५३०६९८.१४ | ४५३०६९८.१४ | २९८३८२४.३१ | २९८३८२४.३१ |
| १५००० विविध प्राप्ति | २०००००. | ४,८८५.०० | ४,८८५.०० | २९७७०७. | २९७७०७. |
| ख. अन्य प्राप्ति | १३८५०००. | ७७९२८३.५२ | ७७९२८३.५२ | ९०४९१४.१९ | ९०४९१४.१९ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ६२४४००. | ६२४४००. |
| कोषहरु | १३८५०००. | ० | ० | ० | ० |
| धरौटी | ० | ७७९२८३.५२ | ७७९२८३.५२ | २८०५१४.१९ | २८०५१४.१९ |
| संघीय प्रदेश सरकार वा अन्य | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | २९२३९८०००. | २३१२५९४७१.४९ | २३१२५९४७१.४९ | २२७६९२१३२.९८ | २२७६९२१३२.९८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | २९१०१३०००. | २२९३९५५८१.४५ | २२९३९५५८१.४५ | २१४१७४८९२.६४ | २१४१७४८९२.६४ |
| २१००० पारिश्रमिक / सुविधा | ९०७०९०००. | ७६०७२३७४.७३ | ७६०७२३७४.७३ | ६४१४३२९५.८ | ६४१४३२९५.८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ७६०८२००१. | ५६८७१६६३.४ | ५६८७१६६३.४ | ६००५१०३०.११ | ६००५१०३०.११ |
| २५००० सहायता ( Subsidy) | ५०००००. | ० | ० | ० | ० |
| २६००० अनुदान | ० | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | ४८९१०००. | ४५०११६३. | ४५०११६३. | ३२५८०४३.२ | ३२५८०४३.२ |
| २८००० अन्य खर्च | १५३६०००. | १४८०७२५. | १४८०७२५. | ५२२५००. | ५२२५००. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ११७२९४९९९. | ९०४६९६५५.३२ | ९०४६९६५५.३२ | ८६२०००२३.५३ | ८६२०००२३.५३ |
| घ. अन्य भूक्तानी | १३८५०००. | १८६३८९०.०४ | १८६३८९०.०४ | २२७६९२१३२.९८ | २२७६९२१३२.९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| कोषहरु | १३८५०००. | १३६०४००. | १३६०४००. | १३४५७२४०.३४ | १३४५७२४०.३४ |
| धरौटी | ० | ५४८४४५.०४ | ५४८४४५.०४ | ६०,०००.०० | ६०,०००.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -४४,९५५.०० | -४४,९५५.०० | | |
| ङ. यो वर्षको बचत (न्युन) | -४६७०००००. | -३०६८९४३५.३६ | -३०६८९४३५.३६ | -३१०११८९२.१७ | -३१०११८९२.१७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ४०८८२७४१.१३ | ४०८८२७४१.१३ | ९७०४९३९०.२ | ९७०४९३९०.२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | -४६७०००००. | १०१९३३०५.७७ | १०१९३३०५.७७ | ६६०३७४९८.०३ | ६६०३७४९८.०३ |
| बैंक तथा नगद बाकी | | १०१९३३०५.७७ | १०१९३३०५.७७ | ६६०५२७७९.६२ | ६६०५२७७९.६२ |

**बेरूजु दफा २२ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| उ सको विवरण | कार्य विवरण | नम्स अनुसार कार्य घण्टा मानिस( तीन वटै कार्यको गणना गरेको) | विल भर्पाईसाथ पेश भएको डोर हाँजिर |
|---|---|---|---|
| अपर पिसाङमा पार्किङ निर्माण | Pcc र stone work | १००१ | ११६२ |
| वोझो गुम्वा जाने वाटो ढलान | Pcc र stone work | ९७६ | १३११ |
| गाडी पार्किङमा ढलान | Pcc | ३२४ | १००२ |
| पिसाङ पानी र कूलो निर्माण | Pcc | ३६० | ८४७ |
| तलेखुदेखि खाङसार सम्म पदमार्ग निर्माण | stone work | १७५० | २७५१ |

| | | | |
|---|---|---|---|
| क्युवेंशी देखि नांवल जाने वाटो जाडो | Pcc र stone work | १३८८ | २२६९ |

**बेरूजु दफा २४ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| गो भौ नं | मिति | कारोबारको विवरण | रकम |
|---|---|---|---|
| ३ | २०७९।६।२ | स्थानीय तहको मसलन्द सामाग्रि खरिद शिर्षक अन्तर्गत आवश्यक स्टेशनरी समान खरिदमा नर प्रसाद चौलागाई लाई भुक्तानी गरिएको | ११५५४० |
| १४९ | २०८०।३।१ | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम अन्तर्गत अन्नपूर्ण मावि मनाङले स्याउ खेति गर्ने कार्यमा | ५२५००० |
| ७९ | २०७९।९।१४ | विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षक अन्तर्गत ल्याप्टप खरिद | १७४९९९ |
| | २०७९।८।१९ | MIS सम्बन्धि कार्यको छपाई | २००१० |
| २०९ | २०८०।३।२४ | किसान सूचिकरण कार्यक्रम अन्तर्गत २ वटा ल्यापटप dell 3510 i5 | २३९८९९ |
| २१६ | २०८०।३।२७ | स्टेशनरी खरिद | १८०००० |
| ७ | २०७९।६।२ | dell desktop and printer | १०९००० |
| | | डिजिटल प्यानल बोर्ड, उद्घाटन ताम्रपात्र, शाखा नेम प्लेट | १२४८६५ |
| | | ४० एम एम hpp पाइप | ६२९९९ |
| १० | २०७९।६।४ | मसलन्द कार्यालय सामाग्री | ५६५३५ |
| ७६ | २०७९।६।४ | मसलन्द सामाग्री खरिद | २०३६०३ |
| ८० | २०७९।६।४ | स्टेशनरी खर्च | ९६७७० |
| | जम्मा | १७३४२२१ | |

**बेरूजु दफा २९ सँग सम्बन्धित विवरण - अनुसूची -६**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले राष्ट्रिय बाणिज्य बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।यस वर्ष पालिकाले रु २ करोड ६४

लाख ८७ हजार ४ सय ४४ सामाजिक सुरक्षा वितरण गरि १ हजार ५ सय ५६ संघीय संञ्चित कोषामा फिर्ता गरेको छ ।

**बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| घरजग्गा वहाल कर | ३०००० | ३३४८६८ | १.१२ |
| भुमिकर।मालपोत | २५०००० | ५१००७४ | २.०४ |
| व्यवसाय कर | १०००००० | २८२९४ | ०.०३ |
| अन्य प्रशासनिक सेवा शुल्क | १००००० | २२०५०० | २.२ |
| सिफारिस दस्तुर | ५०००० | २६२९७९ | ५.३ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २०००० | २३८०३।७३ | १.२ |
| नाता प्रमाणित दस्तुर | ३०००० | ११६०० | ०.३९ |
| अन्य दस्तुर | ५४०००० | २८४३३६ | ०.५३ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ८००००० | १९४२०० | ०.२४ |
| अन्य क्षेत्रको आय(जडिबुटी) | १७००००० | १८८९२०० | १.१ |
| | ४७९०००० | ३७५९८५४ | |